बैठक संख्याः २२

मितिः२०८२/११/१०

समयः११:०० बजे

सिंजा गाउँपालिका नराकोट,जुम्ला

उक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिकासदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिकासदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिकासदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिकासदस्य | मागी वड | | |
| १३ | कार्यपालिकासदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिकासदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | टेक बहादुर शाही | | |

<u>निर्णय नं १.</u>

भूमि प्रशासन कार्यालय सिंजा नराकोटको प.स.०८२।०८३च.नं. २९१ मिति २०८३।०३।०३ को प्राप्त पत्रानुशार सिंजा गाउँपालिकाको आ.ब. २०८२।०८३ को मूल्याङ्न पुस्तिकामा मूल्याङ्न छुट भएका र नयाँ सडक कायम भएका जग्गाहरु छुट भएका स्थानहरुको मूल्याङ्नको सम्बन्धमा छलफल गर्दा आ.ब. २०८२।०८३ को मूल्याङ्न पुस्तिकामा भएको रकमलाई नै यथावत राख्ने गरी भूमि प्रशासन कार्यालय सिंजा नराकोटमा जानकारी पठाउने निर्णय गरियो।

<u>निर्णय नं. २.</u>

सिंजा गाउँपालिका अन्तर्गत सामुदायिक बिध्यालयहरुमा कार्यरत आधारभूत तथा माध्यामिक तहका शिक्षक तथा कर्मचारीहरुको आर्थिक बर्ष २०८२।०८३ को चौथो त्रैमासिकको तलब भत्ता भुक्तानीका लागि संघीय सरकारबाट प्राप्त शसर्त अनुदानको स्वीकृत बजेट अपुग हुन देखिएकाले तसर्थ शिक्षक तथा कर्मचारी जस्तो संबेदनशिल क्षेत्रको सेवा सुबिधा रोकिदा बिध्यालयको पठनपाठनमा प्रत्यक्ष असर पर्ने भएकाले चालु आ.ब. २०८२।०८३ मा संघीय शसर्त अनुदान अन्तर्गतकै **<u>बिध्यार्थीका लागि दिवा खाजा कार्यक्रम को</u>** स्वीकृत बजेटबाट बिध्यालयहरुलाई अनुदान बितरण गरी बाँकी हुन आउने रकमबाट मिलान हुने गरी उक्त शिर्षकमा खर्च गर्ने निर्णय गरियो।

<u>निर्णय नं.३.</u>

सिंजा गाउँपालिका अन्तर्गतका सामुदायिक बिध्यालयमा कार्यरत प्रारम्भिक बालबिकास शिक्षकहरुको सम्बन्धमा छलफल जम्मा रहेका २५ जना (ECD) शिक्षकको व्यबस्थापन सबै बिध्यालयहरुमा १/१ जना रहने गरी शिक्षा,यूवा तथा खेलकुद शाखालाई व्यबस्थापन गर्न निर्देशन दिने निर्णय गरियो।